# प्रश्न नं. १७

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**
**(कक्षा रोल्नं. १९५२ देखि २०७३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

शुकबहादुर राईको जाहेरीले नेपाल सरकार
विरुद्ध
सुनसरी जिल्ला, धरान नगरपालिका वडा नं. ११ मंगलवारे बस्ने अजय राई समेत

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. जिल्ला धनकुटा आहाले स्थित पुरानो मूल गोठ घरमा रहेको बुवा पदमबहादुर राई आमा जयभक्ति राईलाई मिति २०७५।८।१ गते राति अन्दाजी २.०० बजेको समयमा अज्ञात व्यक्तिहरू आई बाबुआमालाई धारिलो हतियारले प्रहार गरी बेहोस घाइते बनाई ३ तोला बराबरका सुनका गहना र नगद रु.३९,०००।- डाँका गरी फरार भएका र बाबुको मृत्यु भएको हुँदा अपराधीलाई खोजतलास गरी कानूनबमोजिम हदैसम्मको कारवाही सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त ।

२. मृतक पदमबहादुर राईको देब्रे कानको बीच भागबाट देब्रेगालातर्फ ५ इन्च लम्बाइको धारिलो हतियारले काटेको, दाइने कुम पातोमा ७ इन्च लम्बाई धारिलो हतियारले काटेको, गहिरो चोट र निलो चोट देखिएको भन्ने समेत व्यहोराको लाश प्रकृति मुचुल्का ।

३. मृतक पदमबहादुरको टाउको पछाडि पट्टि काँधमा धारिलो हतियारद्वारा गहिरो चोट लागी अत्याधिक रक्तश्राव भएको कारण मृत्यु भएको भन्ने समेत व्यहोराको लाश परीक्षण प्रतिवेदन ।

४. जयभक्ति राईको शरीरको विभिन्न भागमा बाँसको भाटाले कुटेको निलडाम र हातमा खुकुरीले काटेको गहिरो चोट रहेको भन्ने समेत व्यहोराको निजको घाउ जाँच केश फारम ।

५. मेरो श्रीमानलाई धारिलो हतियार खुकुरी प्रयोग गरी मारेको र मलाई समेत घाइते बनाई सुनका गहना र नगद डाँका गरी लाने मध्येका यी अजय राई पनि एक हुन् भन्ने समेत व्यहोराको जयभक्ति राईले गरी दिएको सनाखत कागज ।

६. सुरज राई, विनोद तामाङ, रन्जन राई, विनोद राई, अविनास राई, दीपक थापा र मसमेत भई ताम्राङ मेलामा गई डाईस खेलाउँदा पैसा सकिएकोले लुटपाट गर्ने योजना बनाई फर्केकोमा बाटोमा एकान्तमा पदमबहादुर राईको घर पर्ने हुँदा निज पदमबहादुरलाई खुकुरी, बञ्चरोले हानी जयभक्ति राईसमेतलाई घाइते बनाई सुनका गहना र नगद डाँका गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी अजय राईको अधिकारप्राप्त अधिकारीसमक्षको बयान ।

७ जिल्ला धनकुटा आहाले गाउँपालिका वडा नं. २ स्थित पदमबहादुर राईको घरको सिकुवाको खाटमा सुतिरहेको अवस्थामा पदमबहादुर राईलाई धारिलो हतियार खुकुरी प्रहार गरी मारेको र मृतकको श्रीमती जयभक्ति राईलाई घाईते बनाएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

८. मिति २०७५।८।१ गते राति जाहेरवालाका बाबु पदमबहादुरलाई मारी जयभक्तिलाई घाईते बनाएको र धनमाल डाँका गरेको सुनेको हो । उक्त घटना अविनास राई, दीपक थापा, सुरज तामाङ, विनोद तामाङ, विनोद राई र रञ्जन राई समेतले गरेका हुन् भन्ने समेत व्यहोराको इमान सिंह राई समेतले गरी दिएको वस्तुस्थिति मुचुल्का ।

९. प्रतिवादी अजय राई, सुरज लामा, विनोद तामाङ, अविनास राई, विनोद राई र दीपक थापा समेतले जाहेरवालाको बाबु पदमबहादुरलाई निजकै घरमा धारिलो हतियार खुकुरी, बञ्चरो प्रहार गरी बेहोस बनाई मारी र आमा जयभक्तिलाई घाइते बनाई सुनका गहना र नगदसमेत डाँका गरी लगेको व्यहोरा मिसिल संलग्न कागज प्रमाण र प्रतिवादी अजय राईको बयानबाट पुष्टि हुन आएकोले निजहरूको उक्त कसूर मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको अपराध हुँदा निजहरूलाई सोही संहिताको दफा बमोजिम सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

१०. प्रतिवादीहरुले अदालत समक्ष गरेको ईन्कारी बयान ।

११. धनकुटा जिल्ला अदालतको फैसला ।

१२. उच्च अदालत विराटनगर धनकुटा ईजलासमा परेको पुनरावेदन पत्र ।